लोक सेवा आयोग
# खोटाङ कार्यालय
दिक्तेल

## सैन्य पदको परीक्षा केन्द्र कायम गरिएको सूचना

**सूचना नं. १०/०७८-७९, मिति २०७८/०८/०९**

यस कार्यालयबाट संचालन हुने श्री भर्ना छनौट निर्देशनालय कार्यरथी विभाग जंगी अड्डाको मिति २०७८।०५।१८ मा प्रकाशित विज्ञापन अनुसार **सैन्य** पदको **श्री नं. १८ वाहिनी अड्डा, उदयपुर व्यारेक, गाईघाट भर्ना छनौट केन्द्र**बाट सञ्चालन भएको शारीरिक परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको **लिखित परीक्षा** लोक सेवा आयोग, सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा, परीक्षा सञ्चालन शाखाको मिति २०७८।०६।०८ मा प्रकाशित परीक्षा कार्यक्रम सम्बन्धी सूचनामा उल्लेख भए बमोजिम निम्न मिति, समय र स्थानमा सञ्चालन हुने भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

परीक्षा सञ्चालन सम्बन्धी कार्यक्रम

| क्र.सं. | वि.नं. | पद/सेवा/समूह/तह | विषय | परीक्षा मिति र समय |
|---|---|---|---|---|
| १ | ०७८/७९/०१<br>खुला तथा समावेशी | सैन्य | अंग्रेजी, नेपाली, गणित र सामान्य ज्ञान | २०७८।०८।१८<br>विहान ११:०० बजे (२ घण्टा ३० मिनेट) |

परीक्षा केन्द्र

| क्र.सं. | दर्ता नं. | | परीक्षा भवन |
|---|---|---|---|
| | देखि | सम्म | |
| १ | G०१ | G७८७ | श्री सरस्वती मा.वि., दिक्तेल, खोटाङ |
| २ | G७९० | G१६९९ | श्री पञ्च मा.वि., दिक्तेल, खोटाङ |

द्रष्टव्य १

क) परीक्षार्थीले अनिवार्य रुपमा आफ्नो प्रवेशपत्रको साथमा नेपाली नागरिकताको प्रमाणपत्र वा सरकारी कार्यालयबाट जारी भएको फोटोसहितको कुनै एक सक्कलै परिचयपत्र अनिवार्य रुपमा लिई १ घण्टा अगावै परीक्षा भवनमा उपस्थित हुनुपर्ने छ ।

ख) तोकिएको परीक्षा केन्द्रबाहेक अन्य परीक्षा केन्द्रमा सहभागी गराइने छैन ।

ग) परीक्षा भवनमा मोबाइल,अन्य इलेक्ट्रोनिक्स डिभाइस र व्याग (झोला) निषेध गरिएको छ ।

घ) परीक्षामा कालो मसी भएको कलम/डटपेन मात्रै प्रयोग गर्नुपर्ने छ ।

ङ) वस्तुगत बहुवैकल्पिक प्रश्नको उत्तर लेख्दा अंग्रेजी ठूलो अक्षर (Capital letter) मा A, B,C,D लेखिएको उत्तरलाई मात्र मान्यता दिइने छ ।

च) वस्तुगत बहुवैकल्पिक प्रश्नमा क्यालकुलेटरको प्रयागे गर्न पाइने छैन ।

छ) आयोगको पूर्व सूचना विना निर्धारित कार्यक्रम अनुसारको परीक्षा स्थगित हुने छैन ।

ज) नेपाल सरकारबाट जारी भएको स्वास्थ्य सम्बन्धी मापदण्ड अनिवार्य रुपमा पालन गर्नुपर्ने छ ।

द्रष्टव्य २

***संक्रमणको विशेष अवस्थामा आयोगको परीक्षा सञ्चालन (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी मापदण्ड, २०७७ अनुसार परीक्षार्थीले अनिवार्य पालना गर्नुपर्ने थप विषयहरु***

- परीक्षा केन्द्रमा प्रवेश गर्नु अघि उम्मेदवार स्वयमले कम्तिमा मास्क, स्यानिटाइजर तथा आफ्नो लागि खानेपानीको अनिवार्य व्यवस्था गर्नुपर्ने छ ।
- उम्मेदवारले परीक्षा केन्द्रमा प्रवेश गर्दा र निस्कदा भिडभाड नगरीकन एकआपसमा दुई मिटरको दूरी कायम गर्नुपर्ने छ ।
- परीक्षामा खटिएका जनशक्तिले दिएको निर्देशनको पूर्ण पालना गर्नुपर्ने छ ।
- परीक्षार्थीहरु परीक्षा केन्द्रमा प्रवेश गर्दा, बाहिर निस्कंदा, शौचालय प्रयोग गर्नुपर्दा भिडभाड नगरीकन दूरी कायम गरी क्रमैसँग तोकिएको स्थानमा जानुपर्ने छ ।
- परीक्षार्थीहरु समूहमा भेला हुने, कुराकानी गर्ने गर्नु हुँदैन ।
- उत्तरपुस्तिका बुझाउँदा उत्तरपुस्तिकामा रहेको खाली स्थान काटी बुझाउनुपर्ने छ ।
- परीक्षार्थीले आफ्नो उत्तरपुस्तिका गन्ती गरी बुझाई हस्ताक्षर गरेर मात्र बाहिर जानुपर्ने छ ।
- कोभिड-१९ बाट संक्रमित परीक्षार्थीहरुका लागि विशेष केन्द्रको व्यवस्था गरिने हुँदा संक्रमित परीक्षार्थीले परीक्षा मितिको एक दिन अगावै मोबाइल नम्बर ९८४२८४७००३ वा ९८४३६६०१११ मा सम्पर्क गरी आफ्नो दर्ता नम्बर र नाम थर समेत टिपाउनुपर्ने छ ।

(रत्नमणि भट्टराई)
उपसचिव

फोन नं. ०३६-४२०७५७/०३६-४२०१७७, फ्याक्स नं ०३६-४२०१७७ Website:- www.psc.gov.np
Email:- diktel@psc.gov.np / psc.sagarmatha@gmail.com